कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# होटल फरेष्ट इन लिमिटेड
# Hotel Forest Inn Limited

रजिष्टर्ड कार्यालय : बूढानीलकण्ठ नगरपालिका-१, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४४४०७०६
इमेलः hotelforestinn11@gmail.com वेभसाइटः www.hotelforestinn.com.np

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

होटल फरेष्ट इन लिमिटेडले आफ्नो जारी पूँजी रु.२,००,००,००,०००/- को २०% अर्थात रु.४०,००,००,०००/- रकम बराबरको प्रति शेयर कित्ता अंकित मूल्य रु.१००/- दरको ४०,००,००० कित्ता साधारण शेयरको १०% अर्थात ४,००,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुका लागि, ५% अर्थात २,००,००० कित्ता शेयर सामुहिक लगानी कोषहरुलाई, २% अर्थात ८०,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुलाई बाँडफाँड गरी बाँकी रहेको ३३,२०,००० कित्ता साधारण शेयरहरु मिति २०८२ माघ २२ गते बिहीबारदेखि सर्वसाधारणहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ माघ २६ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ माघ २६ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : २,००,०००**

**दरखास्तसाथ प्रति साधारण शेयर रू.१००।- को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

### संक्षिप्त वित्तीय विवरणः

| विवरण | वास्तविक (लेखापरीक्षण भएको) | | | प्रक्षेपित (लेखापरीक्षकबाट प्रमाणित) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० (Restated) | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| पूर्नमूल्यांकन बिनाको प्रति शेयर नेटवर्थ (रु.) | ९२.९६ | ९३.३९ | ९०.६५ | ९४.३२ | ९८.४१ | १०२.८४ |
| पूर्नमूल्यांकन सहितको प्रति शेयर नेटवर्थ (रु.) | ९२.९६ | १४७.६७ | १२५.२६ | १२२.०० | १२६.१० | १३०.५२ |
| प्रति शेयर आम्दानी रु. | १.४९ | (१.६९) | (१६.८६) | १.८० | ४.०९ | ४.४३ |
| संचित नाफा/(नोक्सान) (रु.हजारमा) | (५०,२४८.४९) | (६७,४४५.७९) | (२३९,४३४.१९) | (२०३,४७६.०४) | (१२१,६३४.५९) | (३३,१०१.२२) |

***नोटः** कम्पनीको नेटवर्थ सम्बन्धी विवरण लेखापरिक्षकबाट प्रमाणित भएको ।*

### आयोजनाको कुल लागत विवरण :

**होटल फरेष्ट इन लिमिटेडको आयोजना सम्पन्न गर्दा लागेको कुल लागत : रु.३,४८,२१,१५,५२८/-**

### लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

**डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) : १५.३३ वर्ष ।**

**साधारण लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) : १०.८६ वर्ष ।**

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

**स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि., बानेश्वर, काठमाण्डौबाट रेटिङ्ग गराई "IRN-BB-(Is)" "[Double B Minus (Issuer)" प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations भन्ने जनाउँदछ । इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA देखि IRN D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड IRN AAA ले बलियो आधार जनाउँछ भने IRN D ले कमजोर आधार जनाउंछ । रेटिङ्गको संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विस्तृत विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ट) पाना नं. ५० मा उल्लेख गरिएको छ ।**

**रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०४/१४** | **बहाल रहने अवधि मिति: २०८३/०४/१३**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com